लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

फोन नं.०८८-४१३१७१
ईमेलः ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

## रुकुमकोट, रुकुम (पूर्वी भाग)

## एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, रुकुम पूर्वको आ.व. २०८०/०८१ को लागि ब्लक विकास क्षेत्र निर्धारणको लागि प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन भएको मितिः२०८०।०६।१८ गते विहिबार)**

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम पूर्वको चालु आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको ब्लक विकास कार्यक्रम सञ्चालन गरिने भएकोले रुकुम (पूर्वी भाग) जिल्ला भित्रका ईच्छुक आवेदकहरुले आवश्यक कागजात सहित ब्लक विकास क्षेत्र निर्धारणका लागि यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन (मिति २०८०/०७/२२ गते) भित्र यस कार्यालयमा परियोजना कार्यान्वयन म्यानुअलको अनसूचि ६ अनुसारको ढाँचामा आवेदन र अनुसूचि ७ अनुसारको ढाँचामा तथ्याङ्क विवरण पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**क) संचालन गरिने ब्लक विकास कार्यक्रम को विवरणः**

| संचालन गरिने ब्लक विकास कार्यक्रम संख्या | बाली | क्षेत्रफल मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ (एक) | बर्षे आलु | ३० हेक्टर (८८६ कठ्ठा) | |

**ख) आवेदकको किसिमः**

१. नियमानुसार दर्ता भएका कृषक समुह। २. कृषि कार्य गर्ने उद्देश्य सहित प्रचलित कानुन बमोजिम दर्ता भएका सहकारीहरु। ३. नियमानुसार दर्ता भएका जल/वन उपभोक्ता समितिहरु।
४. कानुन बमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरु।

**ग) पेश गर्नुपर्ने कागजातहरुः**

१. अनुसूचि ६ बमोजिमको ढाँचामा निवेदन २. अनुसूचि ७ बमोजिमको ढाँचामा तथ्याङ्क विवरण।
३. सम्बन्धित निकायका दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
४. ब्लक कार्यक्रम माग गर्ने संस्थाहरुको कार्य समितिको निर्णयको प्रतिलिपि।
५. सम्बन्धित स्थानीय तहको सिफारिस। ६. अध्यक्ष वा प्रोप्राईटरको नागरिकताको प्रतिलिपि।
७. कार्यक्रम संचालन हुने स्थानको जग्गाजमिन को स्वामित्व खुल्ने कागजात वा भाडामा जग्गा भएमा सम्झौता पत्र (कम्तिमा १० वर्षको सम्झौता पत्र)

**पुनश्चः** माथि उल्लेखित कार्यविधि, सूचना तथा आवेदनका नमुना फर्मेटहरु कार्यालयको वेवसाइट www.ialdorukumeast.p5..gov.np तथा कार्यविधिहरुको साथै अन्य ऐन नियमहरु प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना www.pmamp.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ।

थप जानकारीको लागि एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, रुकुम पूर्व, ०८८-४१३१७१, ९८५७८२१८६९, ९७४६९३०९२२,९८६९४९५२६

२०८०/६/१८ गते
पदम्बर बरल
अधिकृत